# Nepal Swimming Association

**Constitution 2064 (2007 A.D.)**

**2007**

**(Nepali Version-Original)**

# नेपाल पौडी संघको

# विधान

नेपाल पौडी संघ
NEPAL SWIMMING ASSOCIATION

२०६४

# नेपाल पौडी संघको विधान -२०६४

<u>प्रस्तावना</u>:

नेपाल राष्ट्र भित्र पौडी खेलको विकास विस्तार गर्ने र पौडी खेलमा अन्तर्राष्ट्रिय स्तरमा नेपालको सहभागिता बृद्धि गरी खेलकूदको माध्यमबाट राष्ट्रको प्रतिष्ठा अभिबृद्धि गर्न एवं पौडी खेल र खेलाडीका हक,हित र कल्याणका लागि पौडी खेलप्रति अभिरुचि राख्ने सबैलाई संगठित गर्न वाञ्छनीय भएकोले पौडी संघ स्थापना गरिएको छ ।

## परिच्छेद -१
## (संक्षिप्त नाम र प्रारम्भ)

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस विधानको नाम नेपाल पौडी संघको विधान २०६४ लाई जनाउनेछ ।

२) अंग्रेजीमा यस विधानलाई (Nepal Swimming Association) भनिन्छ ।

३) यो विधान राष्ट्रिय खेलकूद परिषदले स्वीकृति प्रदान गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

क) 'नेपाल पौडी संघ' भन्नाले विधानको धारा ३ बमोजिम स्थापना गरिएको पौडी संघलाई जनाउने छ ।

ख) 'नेपाल पौडी संघको विधान' भन्नाले नेपाल पौडी संघको विधान लाई जनाउनेछ ।

ग) 'नेपाल पौडीको' साधारण सभा संघको सर्वोच्च निकायको रुपमा धारा १० बमोजिम स्थापित साधारण सभालाई जनाउने छ ।

घ) 'कार्य समिति' भन्नाले केन्द्रिय, क्षेत्रिय वा जिल्ला कार्य समिति सम्झनु पर्दछ । सो शव्दले तदर्थ समिति समेतलाई जनाउछ ।

ङ) 'क्षेत्रिय संघ' भन्नाले विधानको धारा ८ बमोजिम क्षेत्रिय संघलाई जनाउनेछ ।

च) 'जिल्ला संघ' भन्नाले विधानको धारा ९ बमोजिम गठित जिल्ला संघलाई जनाउनेछ ।

छ) 'परिषद' भन्नाले खेलकूद विकास ऐन २०४८ बमोजिम स्थापित राष्ट्रिय खेलकूद परिषदलाई जनाउनेछ ।

ज) 'नेपाल ओलम्पिक कमिटी' भन्नाले अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले मान्यता दिएको नेपाल ओलम्पिक कमिटीलाई जनाउनेछ ।

झ) 'अध्यक्ष' भन्नाले नेपाल पौडी संघको अध्यक्षलाई सम्झनु पर्दछ ।

ञ) 'उपाध्यक्ष' भन्नाले नेपाल पौडी संघको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

ट) 'महासचिव' भन्नाले नेपाल पौडी संघको महासचिवलाई सम्झनु पर्दछ ।

ठ) 'सचिव' भन्नाले नेपाल पौडी संघको सचिवलाई सम्झनु पर्दछ ।

ड) 'सहसचिव' भन्नाले नेपाल पौडी संघको सह-सचिवलाई सम्झनु पर्दछ ।

ढ) 'कोषाध्यक्ष' भन्नाले नेपाल पौडी संघको कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

ण) 'सदस्य' भन्नाले नेपाल पौडी संघको सदस्यलाई सम्झनु पर्दछ । पछि सो शव्दले नेपाल पौडी संघको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सहसचिव, र कोषाध्यक्ष समेतलाई जनाउनेछ ।

त) 'साधारण सदस्य' भन्नाले नेपाल पौडी संघको साधारण सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्दछ ।

थ) 'प्रशिक्षक' भन्नाले नेपाल पौडी संघको मान्यता प्रदान गरेका नेपाल पौडी खेलको प्रशिक्षकलाई सम्झनु पर्दछ ।

द) 'चन्दादाता' भन्नाले नेपालमा पौडी खेलको विकास विस्तारका लागि आर्थिक तथा भौतिक सहयोग पुऱ्याएको भनि पौडी संघले मान्यता प्रदान गरेको व्यक्ति वा संघ संस्था वा प्रतिस्थानलाई जनाउने छ ।

ध) 'तोकिए वा तोकिए बमोजिम' भन्नाले यस विधान अन्तर्गत बनेको नियम, विनियम वा केन्द्रिय कार्य समितिले तोकिए बमोजिम लाई सम्झनु पर्दछ ।

न) 'टेक्निकल समिति' भन्नाले रेफ्री, जज र प्रशिक्षकहरुको टेक्निकल समितिलाई जनाउने छ । सो समितिले संघको नीति निर्देशनमा कार्य गर्नेछ ।

परिच्छेद -२

*(संघको स्थापना र उद्देश्य)*

*३. संघको स्थापना :-*

(१) अन्तर्राष्ट्रिय पौडी महासंघको विधान, नियमावली एवं दिग्दर्शन, प्रचलित नेपाल कानून र राष्ट्रिय खेलकूद परिषदको नीति निर्देशनको अधिनमा रही पौडी खेलको विकास र विस्तार गर्न राष्ट्रिय खेलकूद परिषदमा दर्ता गरी नेपाल राष्ट्रमा राष्ट्रिय स्तरको नेपाल पौडी संघको स्थापना गरिएको छ ।

(२) नेपाल पौडी संघको कार्य समितिमा देहाय बमोजिम बढीमा ३२ सदस्यहरु रहनेछन् ।

| | |
|---|---|
| क) अध्यक्ष | १ |
| ख) उपाध्यक्ष | ५ जना ( बढीमा) |
| ग) महासचिव | १ |
| घ) सचिव | १ |
| ङ) सहसचिव | १ |
| ङ) कोषाध्यक्ष | १ |
| च) सदस्यहरु | २२ जना ( बढीमा) |

(३) उपधारा (२) बमोजिम गठन हुने नेपाल पौडी संघको केन्द्रिय कार्य समितिको अध्यक्ष -१, उपाध्यक्ष-२, महासचिव-१, सचिव-१, सहसचिव-१ कोषाध्यक्ष-१ र ५० प्रतिशत सदस्यहरु साधारण सभाद्धारा निर्वाचित गरिनेछ ।

(४) नेपाल पौडी संघको धारा (३) को उपधारा (३) बमोजिम निर्वाचित भै बाँकी रहेका पदाधिकारी तथा सदस्यहरुमा उपाध्यक्ष जना -३ कार्यसमितिको अध्यक्षले, सदस्यहरु जना -२ राष्ट्रिय खेलकूद परिषदले र बाँकी सदस्यहरु कार्यसमितिले मनोनित गर्नेछ ।

(५) संघको केन्द्रिय कार्यसमितिको पदाधिकारी वा सदस्यहरुमा २ जना महिला अनिवार्य हुनु पर्नेछ । उपधारा ३ बमोजिम महिला पदाधिकारी वा सदस्य निर्वाचित भै आउन नसकेमा उपधारा (४) बमोजिम मनोनित गर्दा २ जना महिलालाई मनोनयन गर्नु अनिवार्य हुनेछ ।

(६) अन्तर्राष्ट्रिय, एशियाली वा दक्षिण एशियाली पौडी महासंघको सदस्य भएको नेपाली नागरिक नेपाल पौडी संघको पदेन सदस्य हुनेछ ।

(७) नेपाल पौडी संघको स्थापना गर्दा प्रत्येक विकास क्षेत्रमा पर्ने गरी कम्तिमा १० जिल्लामा जिल्ला संघको स्थापना भएको हुनु पर्दछ । क्षेत्रिय संघ गठन गर्नका लीग सम्बन्धित क्षेत्रमा कम्तिमा ३ जिल्लामा संघको गठन हुनु अनिवार्य हुनेछ ।

(८) उपधारा ७ बमोजिम १० जिल्लामा जिल्ला संघको स्थापना नभई राष्ट्रिय खेलकूद परिषदमा नेपाल पौडी संघ दर्ता भएमा एक बर्ष भित्र प्रत्येक विकास क्षेत्रमा पर्ने गरी १० जिल्लामा जिल्ला संघ गठन गरी राष्ट्रिय खेलकूद परिषदलाई जानकारी गराउनु पर्नेछ ।

(९) क्षेत्रिय स्तर तथा जिल्ला स्तरमा संघको स्थापना गर्दा केन्द्रिय कार्य समितिको स्वीकृतिमा गठन गरिनेछ ।

(१०) जिल्ला संघहरु गठन गर्दा वा निर्वाचन गरिदा जिल्ला तथा क्षेत्रिय खेलकुद विकास समितिहरुको रोहवरमा गर्ने वा एक तह माथिल्लो संघको प्रतिनिधिको रोहवरमा गर्ने ।

(११) जिल्ला संघको तदर्थ समितिको गठन भएको मितिले ३ महिना भित्र निर्वाचन सम्पन्न गरिसक्नुपर्नेछ ।

(१२) नेपाल पौडी संघका निर्वाचित तथा मनोनित सदस्यहरुको पदावधि ४ बर्षको हुनेछ । मनोनित सदस्यहरुको पदावधीको गणना निर्वाचित सदस्यहरु बहाल भएकै मिति देखि शुरु भएको मानिनेछ ।

(१३) केन्द्रिय संघ विघटन भई तदर्थ समिति कायम वा केन्द्रिय संघको पदावधि समाप्त भएमा जिल्ला र क्षेत्रबाट निर्वाचित भई आएका साधारण सभाको सदस्यहरुको पदावधि समाप्त भएको मानिने छ ।

## ४. नेपाल पौडी संघको उद्देश्य :

१) प्रचलित ऐन कानून र राष्ट्रिय खेलकूद परिषदको नीति निर्देशनमा रही सम्बन्धित निकायहरु संग समन्वय राखी काम गर्ने गरी यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) पौडी खेलप्रति सर्वसाधारणको रुची अभिबृद्धि गर्ने ।

ख) पौडी खेलको अधिराज्यभर विस्तार र यसको समुचित विकासमा जोड दिने ।

ग) पौडी खेलको स्तर बृद्धि गर्न प्रशिक्षणहरु संचालन गर्ने गराउने ।

घ) पौडी खेलका विभिन्न स्तर र तहका प्रतियोगिता संचालन गर्ने गराउने ।

ङ) पौडी खेलाडी तथा प्रशिक्षकहरुको हक, हित र कल्याणका लागि आवश्यक कार्य गर्ने गराउने ।

च) नेपालमा पौडी खेलको विकास र विस्तारका सम्बन्धमा आवश्यकता अनुसार परिषद, ओलम्पिक कमिटी नेपाल सरकारलाई राय एवं सुझावहरु दिने, त्यस सम्बन्धमा आवश्यक समन्वय गर्ने ।

छ) पौडी खेलको लीग आवश्यक प्राविधिक जनशक्तिको विकास, विस्तार र संचालन गर्ने गराउने ।

ज) पौडी खेलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागिता गर्ने गराउने ।

झ) खेलकूद सम्बन्धि संस्थाहरु संग समन्वय गर्ने गराउने ।

ञ) पौडी खेलको माध्यमद्धारा राष्ट्रको इज्जत, प्रतिष्ठा एवं सम्मानको अन्तर्राष्ट्रिय स्तरमा बृद्धि गर्ने गराउने ।

ट) पौडी खेलप्रति विद्यार्थी, यूवा, युवती तथा बालबालिकाहरुको सहभागितामा बृद्धि गर्दै लाने ।

ठ) खेलकूद सम्बन्धि जानकारीको लागि संघको बुलेटिन, पुस्तक, पत्रिका प्रकाशन गर्ने गराउने ।

ड) संघलाई आत्मनिर्भर गराउन आर्थिक सहयोग तथा अन्य सहयोगको बन्दोवस्त गर्ने गराउने ।

ढ) विभिन्न कारणबाट शारिरीक तथा मानसीक रुपमा विकलाङ्गहुन पुगेका अपाङ्ग तथा सुस्त मनस्थितीका लागि पौडी खेलकुद प्रति अभिरुची वृद्धि गराई उक्त खेलको प्रतियोगिता र प्रशिक्षणहरु आयोजना गर्ने र अपाङ्ग तथा सुस्त मनस्थितीहरुको अर्न्तराष्ट्रिय प्रतियोगिता, सेमिनार र गोष्ठीमा सहभागी गराई देशको प्रतिष्ठा अभिवृद्धि गर्ने ।

ण) संघको उद्देश्य परिपुर्तिका लागि आवश्यक अन्य कार्यहरु गर्ने गराउने ।

## ५. संघ संगठित संस्था हुने :

१. संघ अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।
२. संघका सवै कामकारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।
३. संघले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।
४. संघले व्यक्ति सरह आफ्नो नाउँबाट नालिस उजूर गर्न र संघ उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।
५. संघको आफ्नो छुट्टै झण्डा हुनेछ । संघको झण्डा अनुसुचि १ मा उल्लेख भए बमोजिम हुनेछ ।

## ६. संघको कार्यालय :

१. संघको केन्द्रिय कार्यालय ललितपुरमा रहनेछ ।
२. संघको क्षेत्रिय र जिल्ला स्तरमा, क्षेत्रिय संघ र जिल्ला संघको सचिवालयको रुपमा समेतको काम गर्नको लागि कार्यालयहरु रहन सक्नेछन् ।
३. संघले आवश्यकता अनुसार नेपाल राष्ट्र भित्र सम्पर्क कार्यालय खोल्न सक्नेछ ।

## ७. संघको बैठक :

१. संघको बैठक अध्यक्षको परामर्श लिई महासचिवले बैठक बस्ने मिति, समय र स्थान खोली बैठक बोलाउनेछ । संघको बैठक कम्तिमा ३ महिनामा एक पटक बस्नु पर्नेछ ।

२. संघको कार्यसमिति तथा साधारण सभा कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा संघको कार्यसमिति तथा साधारण सभाको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

३. अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष मध्ये बरिष्ठताका आधारमा उपाध्यक्षले अध्यक्षता ग्रहण गर्नेछ । अध्यक्ष र उपाध्यक्ष अनुपस्थित रहेमा महासचिवले बैठकको अध्यक्षता गर्नेछ ।

४. संघको बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएको अवस्थामा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

५. संघको निर्णयपुस्तिका अध्यक्ष र महासचिवले प्रमाणित गर्नेछ ।

६. संघको क्षेत्रिय संघको बैठक सम्बन्धि व्यवस्था उपधारा (१), (२), (३), (४) र (५) संघ नबाझिने गरी क्षेत्रिय संघ आफैले निर्धारण गर्न सक्नेछ । तर संघले बैठक सम्बन्धी कुनै कार्यविधि थप गरेमा सो व्यवस्था समेत लागू हुनेछ ।

७. संघको बैठक सम्बन्धि अन्य कार्यविधि संघ आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

*८. क्षेत्रिय संघको गठन :*

१. नेपाल पौडी संघको मातहत रहने गरी आवश्यकता अनुसार क्षेत्रिय पौडी संघको गठन गर्न सकिनेछ । क्षेत्रिय संघमा देहाय बमोजिम पदाधिकारी तथा सदस्य रहनेछन् :-

| | |
|---|---|
| कं अध्यक्ष | -१ |
| ख) उपाध्यक्ष | -२ |
| ग) सचिव | -१ |
| घ) कोषाध्यक्ष | -१ |
| ङ) सदस्य | बढिमा ८ जना |

२. उपधारा १ बमोजिम गठन हुने क्षेत्रिय संघको अध्यक्ष-१, उपाध्यक्ष -१, सचिव -१, कोषाध्यक्ष-१ र ५० प्रतिशत सदस्य क्षेत्रिय सभाबाट निर्वाचित हुनेछन् ।

३. उपधारा (२) बमोजिम निर्वाचित भई बाँकी रहेको पदाधिकारी तथा सदस्यहरु उपाध्यक्ष-१ अध्यक्षले, सदस्य -२ क्षेत्रिय खेलकूद विकास समितिले र बाँकी सदस्य क्षेत्रिय कार्यसमितिले मनोनित गर्नेछ ।

४. क्षेत्रिय संघमा निर्वाचित वा मनोनित जुनसुकै प्रक्रियाबाट भएपनि कम्तिमा २ जना महिला मनोनित हुनु अनिवार्य हुनेछ ।

५. क्षेत्रिय संघको कार्यसमितिमा निर्वाचित वा मनोनित सदस्यहरुको पदावधी ४ बर्षको हुनेछ । मनोनित पदाधिकारी तथा सदस्यहरुको पदावधीको गणना निर्वाचित सदस्यहरु बहाल भएकै मिति देखि शुरु भएको मानिनेछ ।

६. क्षेत्रिय संघको काम, कर्तव्य र अधिकार केन्द्रिय कार्यसमितिले तोके बमोजिम हुनेछ ।

७. क्षेत्रिय संघहरु गठन गर्दा वा निर्वाचन गरिदा क्षेत्रिय खेलकुद विकास समितिहरुको रोहवरमा गर्ने वा एक तह माथिल्लो संघको प्रतिनिधिको रोहवरमा गर्ने ।

८. क्षेत्रिय संघको तदर्थ समितिको गठन भएको मितिले ३ महिना भित्र निर्वाचन सम्पन्न गरिसक्नुपर्नेछ ।

*९. जिल्ला संघको गठन :*

१) नेपाल पौडी संघको मातहतमा रहने गरी जिल्ला पौडी संघको गठन गर्न सकिनेछ । जिल्ला संघमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्य रहनेछन् :-

- अध्यक्ष १ (एक)
- उपाध्यक्ष २ (दुई )
- सचिव १ (एक)
- कोषाध्यक्ष १ (एक)
- सदस्य १२ (बाह्र बढीमा )

(२) उपधारा (१) बमोजिम गठन हुने जिल्ला संघको अध्यक्ष -१, उपाध्यक्ष -१, सचिव-१, कोषाध्यक्ष -१ र ५० प्रतिशत सदस्यहरु जिल्ला सभाद्धारा निर्वाचित हुनेछन् ।

(३) उपधारा (२) बमोजिम निर्वाचित भई बाँकी रहेको पदाधिकारी तथा सदस्यहरुमा पौडी खेलमा सहयोग पुऱ्याएका वा पुऱ्याउन सक्ने व्यक्तिहरु मध्येबाट उपाध्यक्ष -१, अध्यक्षले, सदस्यहरु जना -२ जिल्ला खेलकुद विकास समितिले र बाँकी सदस्यहरु जिल्ला कार्य समितिले मनोनित गर्नेछ ।

(४) जिल्ला संघको कार्य समितिमा निर्वाचित वा मनोनित गरी कम्तिमा २ जना महिला अनिवार्य हुनु पर्नेछ ।

(५) जिल्ला संघको कार्यसमितिको निर्वाचित वा मनोनित सदस्यहरुको पदावधी ३ बर्षको हुनेछ । मनोनित सदस्यहरुको पदावधीको गणना निर्वाचित सदस्यहरु पदवहाल भएकै मिति देखि गणना हुनेछ ।

## *परिच्छेद -३*
## *(साधारण सभा )*

### *१०. साधारण सभा :*

१. नेपाल पौडी संघको केन्द्रिय साधारण सभा देहाय बमोजिमका सदस्यहरु रहनेगरी गठन हुनेछ :-

क) केन्द्रिय कार्य समितिका सदस्यहरु ।

ख) प्रत्येक क्षेत्रिय पौडी संघबाट केन्द्रिय साधारण सभाका लागि निर्वाचित प्रतिनिधी ३-३ जना । तर, यो व्यवस्था क्षेत्रिय संघ गठन भएको अवस्थामा मात्र लागू रहनेछ ।

ग) प्रत्येक जिल्ला पौडी संघबाट केन्द्रिय साधारण सभाका लागि निर्वाचित प्रतिनिधी २-२ जना ।

घ) संघसंग आवद्धता प्राप्त क्लवहरुबाट १-१ जना ।

ङ) ओलम्पिक खेलमा भाग लिएका पौडी खेलाडी तथा अन्तर्राष्ट्रिय महासंघ, एशियाली तथा दक्षिण एशियाली पौडी संघको कार्य समितिको सदस्य भएको नेपाली नागरिक पौडी संघको केन्द्रिय साधारण सभाको सदस्य हुनेछन् ।

च) रेफ्री, जज् र प्रशिक्षकहरुको टेक्निकल समिति गठन गरिनेछ । सो समिति मध्यबाट २ जना साधारण सभाको सदस्य हुनेछ ।

छ) केन्द्रिय कार्य समितिको निर्वाचन हुँदा केन्द्रिय कार्य समितिमा निर्वाचीत हुन नसकेको केन्द्रिय कार्य समितिको पदाधिकारीहरुको साधारण सभा सदस्य स्वत: समाप्त भएको मानिने छ।

ज) क्षेत्रिय संघ, जिल्ला संघ तथा कार्य समितिका पदाधिकारीहरुको पदावधि समाप्त भएकोमा क्षेत्रिय संघ, जिल्ला संघको निर्वाचन सम्पन्न गरी साधारण सभामा विधानले तोकिए बमोजिमको कार्यविधि पुरा गरी निर्वाचित वा मनोनित गरी निर्वाचन साधारण सभा प्रतिनिधि पठाउनु पर्नेछ । त्यसरी विधानले तोकिएको कार्यविधि पुरा नगरी पठाइएको साधारण सभा सदस्य प्रतिनिधि वैध भएको मानिने छैन ।

२. नेपाल पौडी संघको साधारण सभा हुँदा उपधारा (१) बाहेक कुनै व्यक्तिलाई पर्यबेक्षक, प्रतिनिधीको रुपमा साधारण सभामा भाग लिन पाउने गरी संघले तोक्न सक्नेछ । तर, त्यस्ता प्रतिनिधीलाई मतदानमा भाग लिने अधिकार हुने छैन ।

### *११. साधारण सभाको काम,कर्तव्य र अधिकार :*

(१) नेपाल पौडी संघको केन्द्रिय साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) सामान्यतया: बर्षमा १ पटक संघको बार्षिक साधारण सभा बस्नेछ । तर, कार्य समितिले विशेष साधारण सभा बोलाउन वा यस विधान बमोजिम अन्य विशेष साधारण सभा बस्नलाई यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।

ख) साधारण सभाका सदस्यहरु मध्ये एक चौथाईले कुनै विषयमा विशेष साधारण सभा बोलाईयोस भनि लिखित अनुरोध गरेमा संघले २ महिना भित्र साधारण सभा बस्ने गरी विशेष साधारण सभा बोलाउन सक्नेछ ।

ग) संघले बार्षिक साधारण सभा बस्ने सम्बन्धमा कम्तिमा २१ दिन अगावै र विशेष साधारण सभा बस्ने सम्बन्धमा कम्तिमा ७ दिनको सूचना दिई बार्षिक वा विशेष साधारण सभा बोलाउन सकिनेछ ।

घ) साधारण सभामा कम्तिमा ५१ प्रतिशत सदस्यको उपस्थिति भएपछि साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ । तर, पहिलो दिन गणपुरक संख्या नपुगे भएमा त्यसको भोलिपल्ट जति प्रतिशत सदस्य उपस्थित भएपनि संघको गणपुरक संख्या पुगेको मानिनेछ ।

ङ) साधारण सभाको सभापतित्व अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्ष, उपाध्यक्षहरु उपस्थित नभएमा सदस्यहरु मध्ये आफुले छानेको सदस्यको अध्यक्षतामा साधारण सभा बस्नेछ ।

च) साधारण सभामा निर्णयको लागि प्रस्तुत गरिने निर्णय कार्यसमितिले प्रस्तावको रुपमा पेश गर्नु पर्नेछ ।

छ) निर्वाचन बाहेक पक्ष विपक्षमा मत दिदा साधारणतया हात उठाई गर्न सकिनेछ । तर, आवश्यक परेमा गोप्य मतदान पनि गर्न सकिनेछ । मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

ज) साधारण सभामा उपस्थित सदस्यहरुको वहुमतको रायलाई साधारण सभाको निर्णय मानिनेछ । त्यस्तो निर्णय सभाको अध्यक्षता गर्ने व्यक्ति र साधारण सभाको प्रतिनिधीबाट प्रमाणित गरिनेछ ।

झ) निर्णयपुस्तिकामा साधारण सभाको निर्णय अभिलेख गरिनेछ ।

ञ) साधारण सभामा कार्यसमितिले प्रस्तुत गरेको एजेण्डामा छलफल र निर्णय गर्नेछ ।

ट) केन्द्रिय कार्य समितिको यस विधानमा तोकिए बमोजिम सदस्यहरुको निर्वाचन गर्ने ।

ठ) लेखापरिक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने ।

ड) लेखा परिक्षकको प्रतिवेदन छलफल गरी निर्णय गर्ने ।

ढ) बार्षिक कार्यक्रम र बजेट पारीत गर्ने ।

ण) अविश्वासको प्रस्ताव आएका बखत सो उपर छलफल र निर्णय गर्ने अविश्वासको प्रस्ताव पारीत भएमा नया निर्वाचन नहुन्जेल सम्मको लागि तदर्थ समिति गठन गर्ने ।

त) साधारण सभाका सदस्यहरुले ३ दिन अगावै साधारण सभामा छलफलको लागि प्रस्तुत गरेको प्रस्ताव कार्यसमिति मार्फत साधारण सभामा प्रस्तुत गरिनेछ । सो प्रस्ताव उपर साधारण सभाले निर्णय लिन सक्नेछ । तर, त्यस्तो प्रस्तावको माध्यमबाट अविश्वासको प्रस्ताव दर्ता गर्न पाइने छैन ।

थ) विधान संशोधनका लागि साधारण सभामा प्रस्ताव प्रस्तुत भएमा त्यस्तो प्रस्ताव साधारण सभामा उपस्थित सदस्यको दुई तिहाई सदस्यको मतद्धारा पारित भएमा मात्र सो संशोधन प्रस्ताव स्वीकृत भएको मानिनेछ ।

द) कार्यसमितिलाई आवश्यकता अनुसार निर्देशन दिने तथा समसामयिक विषयमा विभिन्न प्रस्तावहरु पारित गर्न सकिनेछ ।

ध) संघको उद्देश्य कार्यान्वयन गर्ने सम्बन्धमा उपयुक्त र आवश्यक कार्य गर्न गराउन सक्नेछ ।

न) साधारण सभाको सचिवालयको काम कार्यसमितिको सचिवालय वा कार्यालयबाट गरिनेछ ।

*१२. क्षेत्रिय साधारण सभा :*

(१) क्षेत्रिय पौडी संघ गठन भएको अवस्थामा क्षेत्रिय साधारण सभामा देहायका व्यक्तिहरु सदस्य रहनेछन् :-

क) क्षेत्रिय पौडी संघको कार्य समितिका सदस्यहरु ।

ख) प्रत्येक जिल्लाबाट क्षेत्रिय सभाका लागि निर्वाचित भएका २-२ जना क्षेत्रिय साधारण सभाका प्रतिनिधीहरु ।

(२) क्षेत्रिय साधारण सभाको पर्यवेक्षकको रुपमा भाग लिन पाउने गरी क्षेत्रिय कार्यसमितिले कुनै प्रतिनिधी तोक्न सक्नेछ । तर, त्यस्ता पर्यवेक्षकले मतदानमा भाग लिन पाउने छैनन् ।

(३) क्षेत्रिय साधारण सभाको बैठक सम्बन्धि कार्यविधी संघको बैठक सम्बन्धि कार्यविधी संग नबाझिने गरी आफै निर्धारण गर्न सक्नेछ ।

(४) क्षेत्रिय साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) बार्षिक बजेट तथा कार्यक्रम पास गर्ने ।

ख) यस विधानमा तोकिए बमोजिम संघको क्षेत्रिय कार्यसमितिको सदस्यहरुको निर्वाचन गर्ने ।

ग) जिल्ला पौडी संघको काम कारवाहीलाई समन्वयात्मक तथा सुचारुरुपले संचालन गर्ने कुरामा कार्यसमितिले निर्देशन दिने ।

घ) संघको उद्देश्य प्राप्तिका लागि केन्द्रिय कार्यसमितिको निर्देशनमा रही अन्य कार्य गर्ने गराउने ।

ङ) क्षेत्रिय साधारण सभाको अन्य काम, कर्तव्य र अधिकार केन्द्रिय समितिले तोकिए बमोजिम हुनेछ ।

**१३. जिल्ला साधारण सभा :**

(१) जिल्ला पौडी संघको साधारण सभामा देहायका व्यक्तिहरु सदस्य रहनेछन् :-

क) जिल्ला पौडी संघको कार्यसमितिका सदस्यहरु

ख) जिल्ला पौडी संघको सदस्यता प्राप्त व्यक्तिहरु

(२) जिल्ला पौडी संघको साधारण सभाको बैठक सम्बन्धि कार्यविधी संघको बैठक सम्बन्धि कार्यविधी संघ नबाझिने गरी आफै निर्धारण गर्न सक्नेछ ।

(३) जिल्ला पौडी संघको साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) बार्षिक बजेट तथा कार्यक्रम पारित गर्ने ।

खं जिल्ला पौडी संघका कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुको निर्वाचन गर्ने ।

ग) जिल्ला पौडी संघको सदस्यता प्रदान गर्ने सम्बन्धमा संघको केन्द्रिय कार्यसमितिलाई सुझाव र सल्लाह प्रदान गर्ने । यस विधान तथा केन्द्रिय कार्य समितिको मार्गदर्शनका आधारमा संघको सदस्यता प्रदान भए नभएको सम्बन्धमा जिल्ला कार्यसमितिलाई सुझाव र निर्देशन दिने ।

घ) जिल्ला पौडी संघको साधारण सभाको अन्य काम, कर्तव्य र अधिकार संघको कार्यसमितिले तोकिदिए बमोजिम हुनेछन् ।

**१४. निर्देशिका लागू गर्न सक्ने :**

(१) नेपाल पौडी संघको केन्द्रिय कार्यसमितिले संघको क्षेत्रिय साधारण सभा तथा जिल्ला साधारण सभा तथा केन्द्रिय कार्यसमिति तथा पदाधिकारीहरु जिल्ला कार्य समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा छुट्टै निर्देशिका बनाउन सक्नेछ । तर संघको उद्देश्य विपरित कुनै काम भए गरेको लागेमा त्यस्तो क्षेत्रिय साधारण सभा र जिल्ला साधारण सभा क्षेत्रिय समिति जिल्ला कार्य समितिको काम, कर्तव्य र अधिकार निलम्बित गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद-४
### (कार्य समितिको काम, कर्तव्य र अधिकार)

**१५. कार्यसमितिको काम, कर्तव्य, र अधिकार :**

१) प्रचलित ऐन कानून तथा परिषदको निर्देशनको अतिरिक्त पौडी संघको केन्द्रिय कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) संघको केन्द्रीय कार्य समितिले गर्ने भनि ऐन, कानून नियम तथा विधान र नियमावलीमा तोकिएको कार्यहरु गर्ने गराउने ।

ख) खेलको विकास र विस्तारमा क्रियाशिल रहने ।

ग) संघको उद्देश्य प्राप्तिका लागि संघका कार्यहरु संचालन गर्ने गराउने । जिल्ला, क्षेत्रिय एवं राष्ट्रिय प्रतियोगिताहरु आयोजना तथा संचालन गर्ने, अन्तर्राष्ट्रिय प्रतियोगिताहरुको आयोजना तथा संचालन गर्ने गराउने ।

घ) संघको बार्षिक बजेट तथा कार्यक्रम बनाई साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने ।

ङ) पौडी खेलका प्रतियोगिता संचालन गर्ने गराउने ।

च) संघको आर्थिक श्रोतहरु जुटाउन तथा आर्थिक श्रोतहरु एकिन गरी त्यस्ता कार्यक्रमहरु संचालन गर्ने गराउने ।

छ) संघको कर्मचारी, आर्थिक तथा अन्य आवश्यक नियमहरु बनाई साधारण सभाको स्वीकृतिका लागि पेश गर्ने ।

ज) खेलकूदको विकास र विस्तारको लागि अन्य खेलकूद संघहरु संग समन्वय र सम्पर्क राख्ने ।

झ) संघका मातहतमा क्षेत्रिय संघहरु वा जिल्ला संघहरु विचको समन्वय गर्ने र आवश्यकता अनुसार निर्देशन दिने ।

ञ) संघ मातहतका क्षेत्रिय र जिल्ला संघहरुलाई कार्यक्रम सञ्चालन तथा पौडी खेलको विकासमा सहयोग जुटाउने ।

ट) सदस्यता प्रदान गर्ने सम्बन्धि प्रस्ताव उपर छलफल गर्ने र सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय उपर विवाद आएमा त्यस्तो निर्णय गर्ने र निर्णय बमोजिम गर्न गराउन जिल्ला कार्यसमितिलाई निर्देशन दिने ।

ठ) संघको बार्षिक लेखापरीक्षण गराउने ।

ड) पौडी खेलकूदको विकास विस्तार सम्बन्धमा राष्ट्रिय खेलकूद परिषद, नेपाल ओलम्पिक कमिटी तथा नेपाल सरकारलाई राय, सल्लाह र सूझाव दिने संघको उद्देश्य प्राप्त गर्ने सम्बन्धमा राष्ट्रिय खेलकूद परिषद तथा नेपाल सरकारले दिएको निर्देशन पालना गर्ने गराउने ।

ढ) पौडी खेलका खेलाडी, प्रशिक्षकहरुको रेकर्ड राख्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीको हित र कल्याणका लागि सक्दो सहयोग पुऱ्याउने कार्यक्रम लागू गर्दै जाने ।

ण) पौडी खेलको विकास र विस्तारका लागि देखा परेका समस्या समाधानका लागि कार्यहरु गर्ने गराउने । त्यसका लागि सम्बन्धित निकायसंग सहयोग माग गर्ने ।

त) संघ सम्बन्धि सभा सम्मेलनमा भाग लिने वा भाग लिन प्रतिनिधी पठाउने । आफुले पनि सभा सेमिनार गोष्ठी गर्ने गराउने ।

थ) प्रचलित ऐन कानून तथा ओलम्पिक कमिटीको प्रकृया पुरा गरी अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिता वा तालिम, गोष्ठी, सेमिनारमा भाग लिने प्रतिनिधी पठाउने । सो स्तरको प्रतियोगिता वा तालिम गोष्ठी सेमिनारको आयोजना गर्ने ।

द) जिल्ला पौडी संघ र क्षेत्रिय पौडी संघ तथा जिल्ला तथा क्षेत्रिय संघका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार तोक्ने । अन्य आवश्यक निर्देशन दिने ।

ध) सचिव वा संघको अधिकृत स्तरको कर्मचारीले प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गर्ने ।

न) संघले गर्नुपर्ने विभिन्न खेलकूद सम्बन्धि कार्यका लागि विभिन्न उपसमितिहरु गठन गर्ने र तिनीहरुको काम, कर्तव्य र अधिकार तथा पदावधी तोक्ने ।

प) संघले गर्नुपर्ने विभिन्न खेलकूद सम्बन्धि कार्यका लागि विभिन्न उपसमितिहरु गठन गर्ने र तिनीहरुको काम, कर्तव्य र अधिकार तथा पदावधी तोक्ने ।

फ) पौडी संघको विभिन्न सदस्यता शुल्क तोक्ने । सदस्यता शुल्कमा थप गर्न पनि यस खण्डले बाधा पुऱ्याएको मानिने छैन ।

ब) संघको उद्देश्य प्राप्तिका लागि आवश्यक अनुसांगिक र प्रासांगिक कामहरु गर्ने गराउने ।

भ) मातहतका संघ एवं निकायहरुलाई निर्देशन दिने तथा अनुशासनात्मक कारवाही गर्ने ।

म) पौडी खेलसंग सम्बन्धित खेलकूद सम्बन्धि क्लव तथा संस्थाहरुलाई आवद्धता प्रदान गर्ने ।

य) पौडी खेलको नियम उलंघन गर्ने खेलाडी, रेफ्री, प्रशिक्षक तथा सम्बन्धित व्यक्तिलाई अनुशासनात्मक कारवाही गर्ने ।

## *परिच्छेद -५*
## *(पदाधिकारीको काम, कर्तव्य र अधिकार)*

### *१६. संघको पदाधिकारीको काम, कर्तव्य र अधिकार :*

(१) संघको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

- क) साधारण सभा र कार्य समितिको बैठकको अध्यक्षता गर्ने ।
- ख) संघको साधारण सभा तथा कार्य समितिको निर्णय कार्यान्वयन भए नभएको सम्बन्धमा मुल्यांकन तथा निरीक्षण गर्ने र आवश्यक निर्देशन दिने ।
- ग) अध्यक्षको हैसियतले गर्नुपर्ने दैनिक कार्यहरु गर्ने ।
- घ) पौडी खेलको विकासको लागि परिषद र नेपाल ओलम्पिक कमिटीको निकटतम सम्पर्कमा रही कार्य गर्ने ।
- ङ) बैठकमा मत बराबर भएमा निर्णायक मत प्रदान गर्ने ।
- च) संघको नेतृत्व प्रदान गर्ने ।
- छ) पौडी खेल सम्वन्धी अन्तर्राष्ट्रिय संघसंस्थाहरु सँग सम्पर्क गर्ने गराउने ।

ज) अन्तर्राष्ट्रिय प्रतियोगिता एवं सेमिनारहरुमा सहभागी हुन जाने व्यक्तिको छनौट गर्ने ।
झ) आकस्मीक रुपमा आईपर्ने कार्यको सन्दर्भमा पछि बैठकमा निर्णय गराउने गरी अध्यक्षको हैसियतले निर्णय गर्ने ।
ञ) विभिन्न कार्यक्रम तथा खर्च गर्ने स्वीकृति प्रदान गर्ने ।
ट) सांगठनिक सुदृधिकरणका लागि आवश्यक कार्य गर्ने गराउने ।

२) संघको उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्यहरु गर्ने गराउने ।
ख) धारा १५ (२) बमोजिमको अधिकार अध्यक्षको अनुपस्थितिमा संघको बर्णानुसारका हिसावले वरिष्ठ उपाध्यक्षले गर्नेछ ।
ग) कार्य समिति वा अध्यक्षले प्रत्यायोजित गरेको अन्य कार्यहरु गर्ने गराउने ।

३) संघको महासचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क) अध्यक्ष संग परामर्श गरी कार्य समितिको बैठक बोलाउने र कार्य समितिको निर्णय बमोजिम साधारण सभा बोलाउने ।
ख) कार्य समितिको बैठकमा छलफलका लागि एजेण्डाहरु प्रस्तुत गर्ने ।
ग) कार्य समितिको निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।
घ) निर्णय पुस्तिका राख्ने र संघको व्यवस्था गर्ने गराउने ।
ङ) संघको दैनिक कार्य समितिले प्रदान गर्ने काम र कर्तव्यको सम्पादन गर्ने ।
च) साधारण सभा एवं कार्य समितिले प्रदान गर्ने काम र कर्तव्यको सम्पादन गर्ने ।
छ) संघको तर्फबाट पत्राचार गर्ने ।
ज) संघको निर्णय, आदेश वा लिखित उतारको प्रमाणित गर्ने ।
झ) कार्य समितिको प्रतिवेदन पेश गर्ने ।
ञ) संघका सदस्यको लगत राख्ने ।
ट) संघको आवधिक प्रतिवेदन वा प्रगति विवरण सम्बन्धित संस्थामा पठाउने ।
ठ) बार्षिक तथा खेल कार्यक्रमको तालिका निर्धारण गरि स्वीकृतिको लागि कार्य समितिमा पेश गर्ने ।
ड) अध्यक्षले तोकेको अन्य कार्य गर्ने गराउने ।
ढ) प्रशासनिक आदेश दिने, खर्चको स्वीकृति गर्ने गराउने ।

४) संघको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
क) महासचिवको अनुपस्थितिमा सचिवले गर्ने कार्य गर्ने ।
ख) महासचिवले अख्तियार प्रदान गरेका कार्यहरु गर्ने गराउने ।

५) संघको कोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
क) आर्थिक कारोबार सम्बन्धि कार्यको जिम्मेवारी लिने ।
ख) संघको हिसाव किताव दुरुस्त राख्ने
ग) बजेट र त्यसको विवरण कार्य समिति र साधारण सभामा पेश गर्ने ।
घ) संघको बैंक खाता खोल्ने ।
ङ) अध्यक्ष तथा महासचिव संग परामर्श गरी विभिन्न ठाउँमा प्रतिनिधित्व गर्ने ।
च) कार्यसमितिको निर्णय अनुसार कोषको खाता संचालन गर्ने गराउने ।
छ) संघको कोष तथा लेखा विधिवत राख्ने र संघको सम्पत्ति दायित्व आय र व्यय जनाउने गरि हिसाव राख्ने र त्यसको लेखा परिक्षण गराउने ।
ज) संघको कोष तथा लेखा सम्बन्धि सम्पूर्ण दायित्व बहन गर्ने ।
झ) संघको जिन्सी सामानको भौतिक संपरीक्षण गराउने ।
ञ) संघको सदस्य शुल्क वा चन्दा वा अन्य रकमको श्रेस्ता दुरुस्त राख्ने , उठाउन बाकी रकम

उठाउने ।

ट) नेपाल सरकारद्धारा जारी सार्वजनिक खरिद ऐन २०६३ को कार्यान्वयन गर्ने गराउने ।

६) संघका कार्य समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ६
## (सदस्यता)

**१७. संघको सदस्यता :**

(१) संघको विधान प्रति आस्था र सम्मान गर्ने व्यक्तिहरुलाई संघको विधान तथा सदस्यता सम्बन्धि नियमावली रहेको अवस्थामा सदस्यता नियमावली समेतको अधिनमा रही पौडी खेलमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुर्याएको वा पौडी खेलमा रुची राख्ने व्यक्तिलाई नेपाल पौडी संघको सदस्यता प्रदान गर्न सक्नेछ ।

क) आजिवन सदस्य
ख) मानार्थ सदस्य
ग) विशिष्ट सदस्य
घ) साधारण सदस्य

(२) संघको आजिवन सदस्यता देहायको आधारमा प्रदान गरिनेछ :

क) संघले तोकेको आजिवन सदस्यको शुल्क बुझाउने व्यक्ति
ख) पौडी खेलकूदसंग महत्वपूर्ण योगदान पुर्याएका व्यक्तिलाई संघको केन्द्रिय कार्य समितिले आजिवन प्रदान गर्न सक्नेछ ।
ग) आजिवन सदस्यता शुल्क केन्द्रिय संघले कायम गरे बमोजिम हुनेछ । तर उपधारा २ (ख) बमोजिम आजिवन सदस्यता प्रदान गर्न यस धाराले बाधा पुर्याएको मानिने छैन ।
घ) कार्य समितिले आजिवन शुल्क थप वा घट गर्न सक्नेछ ।
ङ) आजिवन सदस्यता शुल्क बुझाउने व्यक्तिलाई जिल्ला संघले सदस्यता प्रदान गर्न सक्नेछ ।

(३) संघको मानार्थ सदस्यता देहायको आधारमा केन्द्रिय कार्य समितिले प्रदान गर्न सक्नेछ ।

क) पौडी खेलमा धेरै लामो समयदेखि सेवा पुर्याउदै आएका व्यक्ति वा संस्था ।
ख) पौडी खेलका लागि कुनै विशिष्ट योगदान पुर्याएका व्यक्ति ।
ग) मानार्थ सदस्य स्वदेशी वा विदेशी व्यक्ति वा संस्था जोसुकैलाई पनि प्रदान गर्न सकिनेछ ।
घ) मानार्थ सदस्यता प्रदान गर्दा कुनै शुल्क लिईने छैन ।
ङ) स्वदेशी नागरिक बाहेकका मानार्थ सदस्यलाई मतदान गर्ने अधिकार हुनेछैन ।

(४) संघको विशिष्ट सदस्यता देहायका व्यक्ति वा संस्थालाई केन्द्रिय कार्य समिलि प्रदान गर्न सक्नेछ ।

क) पौडी खेलकूदमा महत्वपूर्ण आर्थिक सहयोग पुर्याउने व्यक्ति वा संस्थालाई ।
ख) पौडी खेलकूदका लागि आवश्यक पर्ने खेलकूद सामाग्री वा भौतिक पूर्वाधार जुटाउने वा निर्माण गरिदिने वा संस्थालाई ।
ग) पौडी खेलमा अन्तर्राष्ट्रिय स्तरमा खेलकूदमा सम्मानजनक स्थान दिलाई राष्ट्रलाई चिनाउने खेलाडी वा प्रशिक्षकलाई ।
घ) विशिष्ट सदस्यलाई सदस्यका सबै अधिकार प्राप्त हुनेछन् ।

(५) संघको साधारण सदस्यता देहायको आधारमा प्रदान गर्न सकिनेछ ।

क) पौडी खेलकूदप्रतिको रुचि राख्ने व्यक्ति
ख) पौडी संघको विधान प्रति आस्था र सम्मान गर्ने व्यक्ति
ग) साधारण सदस्यता केवल नेपाली नागरिकलाई मात्र प्रदान गरिनेछ ।
घ) साधारण सदस्यता यस विधान तथा सदस्यता सम्बन्धि नियमावली बनेको अवस्थामा सो नियमावली र केन्द्रिय कार्यसमितिले दिएको निर्देशन समेतका आधारमा जिल्ला कार्य समितिले संघको सदस्यता प्रदान गर्न सक्नेछ । तर मानार्थ र विशिष्ट सदस्य केन्द्रिय कार्य समितिले मात्र प्रदान गर्न सकिनेछ ।

ङ) साधारण सदस्यतालाई जिल्ला पौडी संघको सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ ।

च) जिल्ला पौडी संघको सिफारीसमा संघद्धारा सदस्यता प्रदान गरिएका व्यक्तिबाट प्रवेश शुल्क वापत रु.१००।- र बार्षिक सदस्यता शुल्क रु.५१।- समेत रु.१५१।- बुझाउनु पर्नेछ ।

छ) साधारण सदस्यता शुल्क बुझाउदा एकमुष्ट रुपमा ४ बषसम्मको बुझाउन सकिनेछ ।

ज) साधारण सदस्यता संघले तोकेको समयभित्र नविकरण नगरिएमा सदस्यता समाप्त हुनेछ ।

झ) मानार्थ र विशिष्ट सदस्यता प्रदान गर्ने संघको केन्द्रिय कार्यसमितिको अधिकार क्षेत्रिय पौडी समिति वा जिल्ला पौडी समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

ञ) साधारण सदस्यता शुल्क संघले थप घट गर्ने गरी निर्णय गर्न सक्नेछ ।

ट) जुन जिल्लाबाट सदस्यता प्राप्तिको लागि आवेदन गरेको हो, सोही जिल्ला पौडी संघको सदस्यता कायम रहने गरी सदस्यता प्रदान गरिनेछ । तर एक जिल्लाबाट सदस्यता प्राप्त गरिसकेपछि क्षेत्रिय समितिको सिफारीस भएमा अर्को जिल्ला वा क्षेत्र अन्तर्गतको कुनै जिल्लाको सदस्यता कायम गर्ने गरी सदस्यता स्थानान्तर गर्ने गरी संघले स्वीकृति दिन सक्नेछ । आजिवन, मानार्थ र विशिष्ट सदस्यहरुको पनि कुन जिल्लाबाट प्रतिनिधित्व गर्ने हो, त्यस्तो सदस्यता प्रदान गर्दा सो सदस्यता रहेको जिल्ला खुलाईनेछ ।

## *१८. सदस्य हुन योग्यता :*

(१) देहायका व्यक्ति मात्र सदस्य हुन योग्य हुनेछन्  :

क) १८ बर्ष उमेर पुगेको नेपाली नागरिक तर खेलाडीको हकमा बर्षको बन्देज लाग्नेछैन ।

ख) संघ वा संघ अन्तर्गतका कर्मचारी नभएका व्यक्ति ।

ग) मगज नविग्रिएका व्यक्तिहरु ।

घ) नैतिक पतन हुने फौजदारी मुद्धामा अदालतबाट दोषी प्रमाणित नभएको व्यक्तिहरु ।

ङ) राष्ट्रिय खेलकूद परिषदका कर्मचारीको हकमा परिषदले स्विकृती प्रदान गरेका व्यक्ति ।

## *१९. सदस्यताको समाप्ति :*

(१) सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ  :

क) सदस्यता नविकरण नगरेमा ।

ख) संघको उद्देश्य विपरित कार्य गरेको भनि सम्बन्धित जिल्ला पौडी संघको सिफारीसमा केन्द्रिय कार्यसमितिले निर्णय गरेमा । तर जिल्ला पौडी संघले साधारण सदस्यता समाप्त गर्ने गरी केन्द्रिय संघमा सिफारीस गर्नु भन्दा पहिले सफाईको मौका सम्बन्धित साधारण सदस्यलाई दिनु पर्नेछ ।

ग) नैतिक पतन देखिने फौजदारी अपराधमा दोषी प्रमाणित भएमा ।

घ) बहुलाएमा वा मानसिक असुन्तलन भएको ठहर भएमा ।

ङ) गैर नेपाली ठहर भएमा ।

च) राजीनामा दिएमा ।

छ) सहयोग तथा साधारण सदस्यको राजिनामा सम्बन्धित जिल्ला कार्य समितिले स्वीकृति गर्नेछ । तर यसको जानकारी केन्द्रिय संघलाई दिनुपर्नेछ । साधारण सदस्य बाहेक अन्य सदस्यको राजिनामा केन्द्रिय कार्यसमितिले मात्र गर्न सक्नेछ ।

ज) परिषदले स्विकृती दिएको कर्मचारीको हकमा स्विकृती रद्ध भएमा ।

ञ) लगातार ३ पटक सम्मको वैठकमा विना जानकारी अनुपस्थित रहने पदाधिकारी तथा सदस्यहरुलाई पदमुक्त गर्ने ।

## *२०. कार्यसमितिको सदस्यता समाप्ति हुने अवस्था :*

(१) नेपाल पौडी संघको केन्द्रिय कार्य समिति वा क्षेत्रिय पौडी संघ वा जिल्ला पौडी संघको कार्यसमितिका सदस्यहरुको देहायको अवस्थामा सदस्यता समाप्ति हुनेछ :

क) साधारण सदस्यता नविकरण नगरेमा ।

ख) संघको उद्देश्य विपरित कार्य गरेको ठहर गरी पौडी संघले निर्णय गरेमा तर त्यस्तो सदस्यलाई संघले सफाईको मौका दिनुपर्नेछ ।
ग) नैतिक पतनदेखि नै फौजदारी अपराधमा दोषी ठहरिएमा ।
घ) मानसिक सन्तुलन नभएको वा बहुलाएमा
ङ) सम्बन्धित सदस्य उपर अविश्वास प्रस्ताव पारित भएमा ।
च) साहुको दामासाहीमा परेमा ।
छ) संघको बैतनिक कर्मचारी नियुक्ति भएमा ।
ज) गैर नेपाली ठहरिएमा ।
झ) मृत्यु भएमा ।
ञ) राजीनामा दिएमा ।
ट) लगातार ३ पटक सम्म विना सूचना बैठकमा अनुपस्थित रहेमा ।
ठ) संघको सदस्यता नरहेमा ।

(२) कार्यसमितिका उपाध्यक्ष, महासचिव, सहसचिव, कोषाध्यक्ष र सदस्यहरुले अध्यक्ष समक्ष राजीनामा दिन सक्नेछ । अध्यक्षले वरिष्ठ उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष राजीनामा पेश गर्न सक्नेछ ।

*२१. रिक्त सदस्यको पदपुर्ति :*

(१) नेपाल पौडी संघ वा क्षेत्रिय पौडी संघ वा जिल्ला पौडी संघको कार्यसमितिको कुनै सदस्यको पद यस विधान बमोजिम खाली भएमा साधारण सभा नहुञ्जेल सम्मका लागि देहाय बमोजिम पदपुर्ति गरिनेछ

क) सम्बन्धित कार्यसमितिको निर्णयबाट त्यस्तो सदस्यले गर्दै आएको कार्य अर्को कुनै सदस्यले गर्ने गरी तोक्न सक्नेछ । तर अध्यक्षको पद खाली भएमा बरिष्ठ उपाध्यक्षले अध्यक्षको काम गर्ने गराउनेछ ।

ख) निर्वाचित सदस्यहरुको पदमा साधारण सभा हुन २ महिना भन्दा कम समय बाकी रहेको अवस्थामा त्यस्तो कार्य गर्ने गरी कार्य समितिले नतोक्न पनि सक्नेछ ।

ग) रिक्त रहेको सदस्यको स्थान साधारण सभाद्धारा पदपुर्ति गरिनेछ । तर मनोनित सदस्यहरुको पद खाली रहेको अवस्थामा जुन प्रकृयाबाट मनोनित भएको हो , सोही प्रकृयाबाट पदपूर्ति गरिनेछ ।

## *परिच्छेद-७*
## *(अविश्वासको प्रस्ताव)*

*२२. अविश्वासको प्रस्ताव :*

(१) नेपाल पौडी संघको कार्यसमिति वा क्षेत्रिय पौडी संघको कार्यसमिति वा जिल्ला पौडी संघको कार्यसमिति उपर वा कुनै सदस्यका उपर सम्बन्धित साधारण सभाका एक चौथाई सदस्यले अविश्वासको प्रस्ताव दर्ता गराउन सक्नेछन् ।

(२) उपधारा १ बमोजिम दर्ता हुन आएको अविश्वासको प्रस्ताव उपर छलफल र निर्णयका लागि सम्बन्धित कार्यसमितिले ४५ दिन भित्र विशेष साधारण सभा बस्ने गरी सूचना दिनु पर्नेछ ।

(३) अविश्वासको प्रस्ताव उपर छलफल गर्न बसेको साधारण सभाले अविश्वास प्रस्तावको पक्ष विपक्षको राय र सम्बन्धित पदाधिकारी वा सदस्यको प्रतिवाद कथनलाई विचार गरी साधारण सभामा उपस्थित सदस्य संख्याको दुई तिहाई सदस्यले प्रस्तावको पक्षमा मत दिएमा अविश्वास प्रस्ताव पारीत भएको मानिनेछ । परिणामस्वरुप सम्बन्धित कार्यसमिति वा सदस्य आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) अविश्वास उपर छलफल गर्न बोलाएको विशेष साधारण सभाको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्नेछ । तर कार्य समितिको विरुद्ध अविश्वास दर्ता भएकोमा साधारण सभाको सबभन्दा जेष्ठ सदस्यले बैठकको अध्यषता गर्नेछ र अध्यक्ष उपर अविश्वास प्रस्ताव दर्ता भएकोमा वरिष्ठ उपाध्यक्षले विशेष साधारण सभागको बैठकको अध्यक्षता गर्नेछ ।

(५) कार्य समिति उपर अविश्वासको प्रस्ताव पारित भएमा उक्त विशेष साधारणसभाबाट तीन महिनाभित्र निर्वाचन गराउने गरी सभाका सदस्यहरुमेध्येबाट एउटा तदर्थ समिति गठन गर्नेछ । उक्त तदर्थ समितिले दैनिक प्रशासनिक कार्यहरु गरी निर्वाचन गराउन पाउनेछ ।

(६) बार्षिक साधारण सभा बस्ने अवस्था रहेमा अविश्वासको प्रस्ताव त्यस्तो बार्षिक साधारण सभामा पनि पेश गर्न सकिनेछ ।

(७) अविश्वास प्रस्ताव निर्वाचन भएको एक बर्ष नवित्दै र एउटा अविश्वासको प्रस्ताव अस्विकृत भएको मिति देखि १ बर्ष नवित्दै अर्को अविश्वास प्रस्ताव पेश गर्न पाउने छैन ।

## *परिच्छेद -८*
## *(कोष )*

***२३. कोषको संचालन*** :

(१) कोषको संचालन पौडी संघको अध्यक्ष, महासचिव र कोषाध्यक्ष मध्ये दुई जनाको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ । कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ । संघको आफ्नो छुट्टै कोष रहन्छ । जसमा देहायका रकमहरु रहनेछन् :

क) नेपाल सरकार वा परिषदबाट प्राप्त सहयोग वा अन्य रकम ।

ख) नेपाल सरकारको सम्बन्धित निकायबाट पूर्व स्वीकृति लिई अन्तर्राष्ट्रिय दातृ संस्था वा व्यक्तिबाट प्राप्त चन्दा, दान वा उपहार ।

ग) संघलाई प्राप्त सदस्यता प्रवेश शुल्क, नविकरण शुल्क वा आजिवन सदस्यता शुल्क ।

घ) संघले आर्जन वा प्राप्त गरेको चल वा अचल सम्पत्ति ।

ङ) संघले लगानी गरेको पूजी र आर्जन गरेको अन्य रकम ।

(२) क्षेत्रिय स्तर र जिल्लास्तरको कोषको संचालन अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये दुईजनाको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ । कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ ।

(३) संघको आयव्यय र हिसाव किताबको लेखापरीक्षण नेपाल सरकारको स्वीकृति प्राप्त लेखा परीक्षकबाट गरिनेछ । तर प्रथम लेखा परीक्षकको नियुक्ति कार्यसमितिबाट हुनेछ । लेखा परीक्षण प्रतिवेदन परिषद र सम्बन्धित निकायमा पेश गरिनेछ ।

## *परिच्छेद -९ (नौ)*
## *(विविध)*

***२४. विधान संशोधन :***

(१) यस विधानमा कुनै संशोधन गर्न परेमा कार्यसमितिले साधारण सभा हुनुभन्दा कम्तिमा २१ दिन अगाडि लिखित सूचना दिई प्रस्तावित गर्न सक्नेछ ।

(२) प्रस्तावित संशोधन साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाई मतद्धारा पारित हुनुपर्नेछ ।

(३) संशोधन विधान लागू गर्न राष्ट्रिय खेलकूद परिषद र सम्बन्धित निकायको पूर्व स्वीकृति लिईनेछ ।

***२५. निर्वाचन:***

(१) संघको निर्वाचन सम्पन्न गर्न संघका सदस्यहरुलाई कम्तिमा ७ दिन अगाडी निर्वाचन हुने मिति, समय र स्थान तोकी पत्रद्धारा सूचित गरिनेछ । यसरी पत्रद्धारा सूचित गर्दा राष्ट्रिय दैनिक प्रत्रिकामा समेत सूचना प्रकाशित गरिनेछ ।

(२) संघको विधान अनुसार हुने निर्वाचनका लागि कार्यसमितिको सिफारीसमा राष्ट्रिय खेलकुद परिषदबाट निर्वाचन समिति गठन गरिनेछ । त्यस्तो निर्वाचनमा राष्ट्रिय खेलकूद परिषद, नेपाल ओलम्पिक कमिटी तथा अन्तर्राष्ट्रिय महासंघका प्रतिनिधीहरु पर्यवेक्षकको रुपमा उपस्थित हुनेछन् ।

(३) निर्वाचनको कार्यविधि नबनेसम्म निर्वाचन समितिले निश्चित गरेको कार्यविधि अनुसार निर्वाचन सम्पन्न हुनेछ ।

(४) निर्वाचन विधिवत, स्वतन्त्र र निष्पक्ष सम्पन्न गर्ने उत्तरदायित्व निर्वाचन समितिको हुनेछ ।

(५) निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

***२६. नियम वा विनियम बनाउने अधिकार :***

(१) यस विधानको उद्देश्यहरु पूर्ति गर्न कार्यसमितिले आवश्यक नियम तथा विनियम बनाउन सक्नेछ ।

(२) कार्यसमितिले नियम वा विनियम प्रस्तावित गरी साधारण सभाको स्वीकृति लिई लागू गर्नेछ ।

(३) संघको सदस्यता व्यवस्थित गर्न आवश्यकता परेमा कार्यसमितिले सदस्यता वितरण नियमावली बनाई साधारण सभाको स्वीकृति लिई लागू गर्न सक्नेछ ।

*२७. आर्थिक बर्ष :*

संघको आर्थिक बर्ष नेपाल सरकारको आर्थिक बर्ष अनुरुप हुनेछ । संघको प्रत्यक आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन श्रावण मसान्त भित्र परिषदमा पेश गरिनेछ । कुनै कारण वस श्रावण महिना भित्र पेश गर्न नसकेमा संघको लेखा परिक्षण प्रतिवेदन पौष मसान्तभित्रमा परिषदमा अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

*२८. बाधा अड्काउ फुकाउने :*

यस विधानको कार्यान्वयनका लागि कुनै बाधा अड्काउ परेमा केन्द्रिय कार्यसमितिले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकुवा गर्न सकिनेछ । त्यसको जानकारी साधारण सभा बस्दा सभालाई दिनु पर्नेछ ।

*२९. अन्तर्राष्ट्रिय सदस्यता :*

नेपाल पौडी संघले पौडी खेलको विकास र विस्तार तथा सहयोगका लागि सम्बन्धित जुनसुकै अन्तर्राष्ट्रिय महासंघ (अन्तर्राष्ट्रिय, एशियाली तथा दक्षिण एशियाली स्तर ) आदिको सदस्यता ग्रहण गर्न सक्नेछ ।

*३०. संघको विघटन :*

संघको विघटन भएमा यस संघको सम्पूर्ण जायजेथा राष्ट्रिय खेलकूद परिषदमा सर्नेछ ।

३१. परिषदमा दर्ता रहेका केन्द्रिय संघमा कुनै वादविवाद भएमा वा परिषदमा दर्ता रहेका संघहरुले विधानको पालना नगरेको भन्ने कुनै विषयमा उत्पन्न विवाद राष्ट्रिय खेलकुद परिषदले हेरी निर्णय गर्नेछ । यस्ता विवाद नेपाल ओलम्पीक कमिटि संग समन्वय गरी विवादको निरोपण गर्नेछ ।

*३२. खारेजी र बचाउ :*

(१) यो विधान लागू हुादाको अवस्थामा कायम रहेको पौडी खेल सम्बन्धि संघको क्षेत्रीय तथा जिल्ला इकाई यस विधान अन्तर्गत गठन भएको भनि मान्यता नदिइएमा त्यस्ता संघका निकायहरु कायम रहेको मानिनेछैन ।

(२) नेपाल पौडी संघ अन्तर्गतका संस्था वा क्लवहरुको मान्यता यथावत कायम रहेका मानिनेछ ।

(३) नेपाल पौडी संघको तदर्थ समितिको स्वीकृतिमा गठन भएका जिल्ला वा क्षेत्रिय संघहरु यसै विधान बमोजिम गठन भएको मानिनेछन् । नेपाल पौडी संघ तदर्थ समितिले गरेका कार्यहरु यसै विधान बमोजिम भए गरेको मानिनेछ ।

(४) केन्द्रिय कार्यसमितिले मान्यता प्रदान गरेको वा कार्यसमितिद्धारा गठित जिल्ला तथा क्षेत्रीय तदर्थ समितिहरु यसै विधान बमोजिम गठन भएको मानिनेछ ।

(५) यस अघि कायम रहेको नेपाल पौडी संघको विधान र आदेश, निर्देशिका यो विधान लागू भएपछि स्वतः खारेज भएको मानिनेछ ।

(६) यस विधानमा लेखिएका कुराहरु प्रचलित नेपाल कानून संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

******